नेपाली कांग्रेस

# नेपाली जनसम्पर्क समिति समन्वय विभाग

केन्द्रीय कार्यालय, बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

मंसिर १६, २०८२

श्री अध्यक्षजी,
नेपाली जनसम्पर्क समिति
**(विदेश स्थित सबै जनसम्पर्क समितिहरुका लागि) ।**

**विषय : नेपाली जनसम्पर्क समितिको अधिवेशन सम्बन्धमा ।**

प्रिय साथी,

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०८२ मंसिर १५ गते बसेको बैठकले पार्टीको १५ औ महाधिवेशन २०८२ पौष २६, २७ र २८ गते काठमाडौमा आयोजना गर्ने निर्णय गरे बमोजिम १५ औ महाधिवेशनको कार्यतालिका अन्तर्गत नेपाली जनसम्पर्क समितिको देहाय बमोजिमको अधिवेशनको कार्यतालिका सार्वजनिक गरिएको जानकारी गराउँदै तोकिएको मिति भित्र क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरण गरी कार्य सम्पन्न गर्ने, क्रियाशील सदस्यताको सूची, बैठकको निर्णय प्रतिलिपी, क्रियाशील सदस्यता नयाँ र नवीकरणको रकम, जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यहरुको लेवी रकम सहित पार्टीको केन्द्रीय कार्यालयमा पठाउने र केन्द्रबाट स्वीकृत भएका क्रियाशील सदस्यता र नेपाली जनसम्पर्क समितिका सदस्यहरुबाट अधिवेशन सम्पन्न गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

**अधिवेशनको कार्यतालिका**

| | |
|---|---|
| नेपाली जनसम्पर्क समितिले क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणको सम्पूर्ण कार्य गर्ने अवधि | **२०८२ मंसिर मसान्त भित्र** |
| क्रियाशील सदस्यता नयाँ र नवीकरणको नामावली केन्द्रमा पठाउने अवधि | **२०८२ पुस ३ गते भित्र** |
| केन्द्रबाट उक्त नामावली स्वीकृत गर्ने अवधि | **२०८२ पुस ५ गते भित्र** |
| अधिवेशन | **२०८२ पुस १५ गतेभित्र** |

जय नेपाल !

किरणराज शर्मा पौडेल
प्रमुख
नेपाली जनसम्पर्क समिति समन्वय विभाग

टेलिफोन : (००९७७-१) ५९८३९६३ / फ्याक्स : ५९८३९६६
E-mail: ncparty2003@gmail.com / baglunga@gmail.com